# आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम

२०७६ साल अषाढ १० गते

**डुङ्गेश्वर गाउपालिका**

**डांडापराजुल,दैलेख**

**कर्णाली प्रदेश,नेपाल**

**सम्पुर्ण गाउसभा सदस्यज्यूहरु**

१) आज यस गरिमामय सभामा म आर्थिक ,सामाजिक र सास्कृतिक विकास र समृद्धिको व्यग्र प्रतिक्षामा रहेका डुङ्गेश्वर गाउपालिकाको पांचौ गाउसभामा आर्थिक बर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । संविधान र संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकार पुनसंरचना पश्चात सार्वभौभ डुङ्गेश्वर गाउपालिकाको पांचौ गाउसभाको पुनित अवसरमा अधिकार प्राप्तका लागि विभिन्न आन्दोलन सहित प्रदेश आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका ज्ञात अज्ञात शहिदह्नरु प्रति हार्दिक श्रर्द्धासुमन अर्पण गर्दछु । जनताको प्रतिनिधीमुलक यो गरिमामय सदनमा प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति गरेको छु । साथै राजनीतिक,आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति हार्दिक आभार सम्मान प्रकट गर्न चाहान्छु ।

२) हामीले डुङ्गेश्वर गाउपालिकाको समृद्धि र डुङ्गेश्वर गाउपालिका बासीको हितको लागि सहमति र सहकार्यको गन्तव्यमा एकाकार हुने संस्कृतिको अभ्यास गरिरहेका छौ । यसै असल संस्कृतिका कारण डुङ्गेश्वर गाउपालिकाको नामाकरण तथा गाउपालिकाको केन्द्र तोक्न सफल भएको सभामा पुन : स्मरण गराउन चाहान्छु । केन्द्र सरकार र प्रदेश सरकारको तुलनामा कानुनी अस्पष्टता,संस्थागत तथा कार्यगत अभावले योजना,कार्यक्रम,संगठन संरचना हस्तान्तरण एवं कर्मचारी समायोजन समेतका ढिलाईले गर्दा जनअपेक्षा अनुरुप काम हुन नसकेता पनि विभिन्न नीति तथा कानुन निर्माण,नीति तथा कार्यक्रमको कार्यान्वयन र बजेट सञ्चालनमा अनुभत हुने गरी प्रगति हासिल गर्न सफल भएका छौ ।

३) **कृषि,शिक्षा,स्वास्थ्य,यातायात गाउपालिकाका सबल पूर्वाधार : दिगो समावेशी विकास सहितको डुङ्गेश्वर गाउपालिका बनाउने हाम्रो रहर** भन्ने नारालाई उद्घोषका साथ डुङ्गेश्वर गाउपालिकाको श्रमशील जनशक्तिलाई पुजीमा बदल्दै न्याय र सामाजिक रुपान्तरण सहित समृद्ध डुङ्गेश्वर गाउपालिका निर्माणमा आम डुङ्गेश्वर बासीको जीवन र परिवेश सुधार गर्न जीवनोपयोगी शिक्षा,सामाजिक सकारात्मक सोच र जिम्मेवारीबाट सुसज्जित आत्मनिर्भर व्यक्ति ,खुशी परिवार र उत्पादनशिल समुदाय निर्माण गर्न प्रदेश सरकारले अंगिकार गरेको **शिक्षा,स्वास्थ्य,उत्पादन र रोजगार : यसका लागि पूर्वाधार** भन्ने मुल नारालाई आत्मसाथ गर्दै यो नीति तथा कार्यक्रमलाई प्रस्तुत गरिएको छ ।

४) डुङ्गेश्वर गाउपालिकाको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानुनी व्यवस्था गर्दै लगिनेछ । नयां परियोजना तथा कार्यक्रमको हकमा सम्भाव्यता अध्ययन,लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा बजेट विनियोजन गरिनेछ ।

४.१ आगामी आ.व.देखि सडक गुरु योजनाका आधारमा सडक सञ्जाल तयार गरिनेछ ।

४.२ साल बसाली रुपमा सम्पन्न गरिने आयोजनाहरुको हकमा भदौ मसान्त भित्र खरिद प्रक्रिया प्रारम्भ गरिनेछ ।

४.३ विभिन्न बिषयगत तथा क्षेत्रगत गुरुयोजनाका आधारमा विकास निर्माण कार्यलाई अघि बढाउनका लागि **परियोजना बैंक** निर्माण गरिनेछ । उक्त परियोजना बैंक र योजना कार्यान्वयनको प्रगति विवरणलाई कम्प्युटर प्रणाली मार्फत व्यवस्थित गरिनेछ ।

४.४ गाउपालिका अन्तर्गत सञ्चालन हुने सम्पुर्ण योजनाहरुको अध्ययन, सर्भेक्षण, ड्रइङ, डिजाईन,लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदन तयार पारेर मात्र योजना सञ्चालन कार्यलाई व्यवस्थित गरिनेछ ।

४.५ सवै वडा कार्यालयहरुको केन्द्रबाट गाउपालिका सदरमुकाम जोड्ने सडक निर्माणमा उच्च प्राथमिकता दिन तत्कालै प्रारम्भिक अध्ययन सम्पन्न गरिनेछ ।

४.६ सडक निर्माण गर्दा सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि मापदण्ड तयार गरी लागु गरिनेछ ।

४.७ गाउपालिका अन्तर्गत निर्माण गरिने सडकहरुमा देहाय बमोजिम सडक अधिकार क्षेत्र(Right of Way) तय गरिनेछ ।

| | |
|---|---|
| क) मुख्य सडक निर्माण | १५ मीटर |
| ख) लिंक सडक निर्माण | १० मीटर |
| ग) सहायक सडक निर्माण | ६ मीटर |

४.८ गाउपालिका अन्तर्गत सडक गुरुयोजनामा छनौट भएका सडकहरुको प्राथमिकीकरण गरी विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार गरिनेछ ।

४.९ डुङ्गेश्वर गाउपालिका अन्तर्गतको चुप्राबजार र डुङ्गेश्वर बजारको बसपार्क निर्माणका लागि पूर्वाधार निर्माण गरिनेछ ।

४.१० प्रत्येक योजनाहरुको कुल अनुदान रकममा ५ प्रतिशत कन्टेन्जेन्सी तथा एक प्रतिशत मर्मत संभार कोष रकम कट्टी गरी योजना सञ्चालन गरिनेछ ।

४.११ गाउपालिका अन्गार्तत सञ्चालन गरिने सम्पुर्ण योजनाहरुको लागत सहभागिता हिस्सामा एकरुपता हुने गरि भवन निर्माणको काममा १० प्रतिशत,माटो सम्बन्धी काममा २० प्रतिशत र ग्राभेल सम्बन्धी काममा २० प्रतिशत लागत सहभागिता र ठूला मेशीन प्रयोग भएको कार्यमा १० प्रतिशत श्रमदान अनिवार्य हुनुपर्ने गरि योजना सञ्चालन गरिनेछ ।

४.१२ गाउपालिकाबाट संचालित योजनाहरु कार्यान्वयन गर्दा आवश्यकतानुसार रु.२० लाखसम्मका योजनाहरु कोटेशन तथा उपभोक्ता समितिबाट गरिनेछ र रु.२० लाख भन्दा माथिका योजनाहरु टेण्डर प्रक्रियाबाट संचालन गरिनेछ ।

४.१३ सडक मर्मत समूह(RMG) लाई आवश्यकताको आधारमा निरन्तरता दिईनेछ ।

५) गाउपालिकाको उद्देश्य प्राप्तिका लागि कार्य प्रकृति,कार्यबोझ,आवश्यकता,औचित्य र मितव्ययिताको आधारमा सूक्ष्म विश्लेषण गरी नयाँ सङ्गठन संरचना निर्माण गरिनेछ । जनशक्तिको प्रक्षेपण र विकास गरि पद पुर्ति गर्दै लगिनेछ ।

५.१ गाउपालिकाको विशिष्टता र आवश्यकता अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एण्ड एम.) प्रक्रियाबाट आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

५.२ गाउपालिका अन्तर्गत मानव संशाधन विकास केन्द्रको स्थापना गरिनेछ ।

५.३ गाउपालिका भित्र आवश्यक प्राविधिक तथा विज्ञ जनशक्तिको सेवा लिईनेछ ।

५.४ सम्पुर्ण कर्मचारीहरुलाई कामको प्रकृति हेरी प्रविधिमुलक तालिम प्रदान गरि कार्यसम्पादनमा तिवृता ल्याइनेछ ।

५.५ पर्याप्त जनशक्ति नहुँदा कार्यालयको दैनिक सेवाप्रवाह प्रभावित भइरहेको परिप्रेक्ष्यमा स्थानीय तहको सेवामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाउँदै कामप्रति उत्प्रेरित गर्न प्रोत्साहनको विशेष व्यवस्था गर्दै लगिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवकलाई उत्कृष्ट सेवा पुरस्कारबाट सम्मान गरिनेछ ।

५.६ राष्ट्रसेवक कर्मचारीहरुलाई सामाजिक चेतना, सोच परिवर्तन र समाजसेवाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गरिनेछ ।

५.७ गाउपालिकाका कामकाज गर्ने कर्मचारीहरुको लागि आवासको व्यवस्था सहित अन्य सेवा सुविधाहरुमा सुधार गरिदै लगिनेछ ।

५.८ गाउपालिका अन्तर्गत खानेपानी तथा सरसफाई क्षेत्रको कार्यलाई व्यवस्थित गर्न खानेपानी तथा सरसफाइ उपशाखा स्थापना गरिनेछ ।

६) परम्परागत प्रविधि तथा स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।

६.१ डुङ्गेश्वर गाउपालिकाको भौगोलिक अवस्था र उर्वरा भुमीको आधारमा वडा नं.-१ लाई औद्योगिक ग्राम क्षेत्र, वडा नं.-२ लाई कृषि तथा पर्यटन क्षेत्र, वडा नं.-३ लाई पशुपालन तथा रैथाने बाली विकास क्षेत्र, वडा नं.-४ लाई शैक्षिक केन्द्र, वडा नं.-५ लाई प्रशासनिक केन्द्र तथा वडा नं.-६ लाई व्यापारी केन्द्रको रुपमा विकास गरिनेछ ।

६.२ सम्बन्धित क्षेत्रमा उद्योग ग्रामको स्थापना गरी स्थानीय उत्पादनको उचित मुल्य र बजार पहुंच सुनिश्चित गर्न केन्द्र सरकार र प्रदेश सरकारसंग सम्वन्य गरिनेछ ।

६.३ ढुंगा उद्योग,फलफुल प्रशोधन उद्योग,मसलावाली उत्पादन तथा प्रशोधन,डेरी उद्योग तथा सिस्नो र अल्लो खेतीको प्रबर्द्धन गर्दै यस्ता वस्तुहरुबाट उत्पादन गरिएका वस्तुहरुको बजारीकरण गरिनेछ ।

७) राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसकारी संघसंस्थाहरुद्धारा संचालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेहिताका लागि एकद्धार प्रणाली मार्फत कार्यक्रम संचालन गरिनेछ । गाउपालिका अन्तर्गत प्राथमिकतामा परेका क्षेत्रहरुमा दोहोरो नपर्ने गरी श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

७.१ विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु(सचेतना,अध्ययन,अनुसन्धान तथा पूर्वाधार विकास) गाउपालिकाको बार्षिक कार्यक्रममा आवद्धता गराई लागु गरिनेछ । यसको समन्वयका लागि गाउपालिका स्तरिय **NGO Help Desk** स्थापना गरिनेछ ।

७.२ राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको नियमन तथा सहजीकरणका लागि आवश्यक कार्यविधिको निर्माण गरिनेछ ।

७.३ रेडक्रस सोसाईटी लगायत आपतकालिन एवं परोपकारी संघसंस्थाहरुको आवश्यक प्रबर्द्धन एवं संरक्षण गरिनेछ ।

७.४ डुङ्गेश्वर गाउपालिकामा आम जनसमुदायहरुको घरदैलोमा दैनिक रुपमा देशबिदेशका खबरहरुको सम्प्रेषण गर्ने उदेश्यले सन्चालन गरेमा एफ.एम.लाई अनुदानको व्यवस्थागरिनेछ ।

७.५ गाउपालिका अन्तर्गतका स्थानीय पत्रकारहरुको क्षमता विकास गराई पत्रकारिता क्षेत्रमा बिशेष योगदान पुर्‍याउने पत्रकारलाई प्रोत्साहित गरिनेछ ।

७.६ कृषि क्षेत्र विकास कार्यक्रम(ASDP),आशा संस्था,स्वास्थ्यका लागि सक्षम प्रणाली कार्यक्रम, हेल्भाटास संस्था लगायतका संघसंस्थाहरुसंग सहलगानीमा कार्य गरिनेछ ।

८) प्रदेश सरकार,स्थानीय सरकार र आम नागरिकहरुको सहकार्यमा **कर्णालीको पानी : सबैको लगानी** भन्ने प्रदेश सरकारको नारालाई आत्मसाथ गरी आर्थिक रुपमा आकर्षक तथा प्राविधिक रुपमा सभाव्य जलविद्युत उत्पादन, प्रशासरण र साना तथा वैकल्पिक उर्जाको माध्यमबाट **उज्यालो डुङ्गेश्वर अभियान**लाई अगाडी बढाईनेछ ।

८.१ साना जलविद्युत एवं मझौला जलविद्युत र वैकल्पिक उर्जा (सोलर,बायोग्यास,बायो उर्जा) आदिको सम्भाव्यता तथा विस्तृत अध्ययन गरी **उज्यालो डुङ्गेश्वर अभियान**लाई अगाडी बढाईनेछ ।

८.२ स्थानीय स्तरमा जलविद्युत उत्पादन गर्न लागिएको निर्माणाधीन राराहाइड्रो जलविद्युतमा शेयर लगानी गरि गाउपालिकाको आन्तरिक श्रोत वृद्धि गरिनेछ ।

९) खानेपानी तथा सिंचाईको दिर्घकालीन समस्या समाधान गर्न लाप्काखोला मुल,बडाखोला मुल, रकचना मुल, बलेना मोखरीया खोला , दारखोला, च्याउखोला, पराजुली खोला, मटेलाखोला र लोहरेखोला नदीहरु लगायतका प्रविधि प्रयोग गरी स्वच्छ खानेपानी तथा सिंचाई उपलब्ध गराइने नीति लिईनेछ ।

९.१ स्वच्छ एवं गुणस्तरिय खानेपानी उपलब्धताको लागि विकट बस्ती तथा खानेपानीका श्रोत नभएका स्थानहरु पहिचान गरी बर्षाको पानी संकलन,छाना/छतको पानी संकलन तथा भुमिगत जलश्रोतको व्यवस्थापन अनिवार्य गरिनेछ ।

९.२ सरसफाइ सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ । विकास साझेदारीहरुको सहकार्यमा शहरउन्मुख स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण गरिनेछ ।

९.३ सबै वडाहरुमा क्रमश : पूर्ण सरसफाई घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

९.४ **एक घर एक धारा**को अवधारणालाई सबै वडाहरुमा विस्तार गरि सबैलाई स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

९.५ **चिनौं आफ्नो माटो,बनाऔं आफ्नो गाउपालिका** भन्ने नारा सहित सबै विद्यार्थीहरुलाई आफ्नो भुमि सम्बन्धी अपनत्व गराउनेछ ।

१०) सिंचाईका श्रोतहरुको पहिचान गरी खेतीयोग्य जमीनमा सिंचाई सुविधा उपलब्ध गराउन सिंचाई प्रणालीको विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१०.१ विकास साझेदारहरुको सहकार्यमा सम्भावना भएका क्षेत्रहरुमा लिफ्ट सिंचाई,आकाशे पानी संकलन ,मुल पोखरी तथा कृतिम पोखरीहरु निर्माण गरिनेछ ।

१०.२ सतहबाट सिंचाई हुने सम्भावना भएका क्षेत्रहरुमा नहर कुलोको निर्माण गरिनेछ । साथै थोपा सिंचाई जस्ता वैज्ञानिक पद्धति अवलम्बन गरी सिंचाई सुविधा विस्तार गरी उत्पादनमा बढावा दिईनेछ ।

१०.३ जल उत्पन्न प्रकोपलाई न्युनीकरण गर्न नदी,जोखिमयुक्त जलाशय,नदि तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

११) दलित,विपन्न तथा घरबार विहिन नागरिक,जोखिमयुक्त र छरिएर रहेको बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरि शिक्षा,स्वास्थ्य ,रोजगारी र आयआर्जनका अवसरहरु सिर्जना गरी एकिकृत बस्ती विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

११.१ सुरक्षित,व्यवस्थित र वातावरणमैत्री भवनहरु निर्माण गर्नका लागि भवनसंग सम्बन्धित कानुन तथा मापदण्डहरुलाई कार्यान्वयन गरिनेछ ।

११.२ सार्वजनिक तथा व्यवसायिक प्रयोजनका भवन निर्माणमा व्यवसायजन्य सुरक्षा सम्बन्धी मापदण्ड अनिवार्य पालना गरिनेछ ।

११.३ **खरमुक्त घर**को अवधारणालाई सबै वडाहरुमा विस्तार गरिनेछ ।

१२) डुङ्गेश्वर गाउपालिकामा दक्ष जनशक्ति उत्पादनका लागि नीतिगत,कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ ।

१२.१ कृषि सम्बन्धी दक्ष जनशक्ति उत्पादनका लागि सिता मा.वि.मा अध्ययन गराउदै आएको कृषि क्याम्पसलाई स्तरोन्नति गरिदै लगिनेछ ।

१२.२ डुङ्गेश्वर गाउँपालिका भित्रका कृषि बिषयमा दक्ष जनशक्ति उत्पादनका लागि एस.ई.ई.मा उर्तिण जेहेन्दार, गरिब विद्यार्थी मध्ये उत्कृष्ट एक जना छात्र र एक जना छात्रा विद्यार्थीलाई कृषि क्याम्पस अवलपराजुलमा छात्रवृतिमा अध्यपान गराईनेछ ।

१२.३ गाउपालिका स्तरिय विद्यालयहरु मध्ये एउटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।

१२.४ माध्यामिक विद्यालयको कक्षा ९ र १० मा अध्ययनरत दलित ,जनजाति ,अपांग र जेहेन्दार छात्रछात्राहरुलाई शैक्षिक छात्रवृति दिई अध्यपान कार्यमा प्रोत्साहित गरिनेछ ।

१२.५ कक्षा सुधार कार्यक्रमका दिईदै आएको अनुदानलाई निरन्तरता दिईनेछ ।

१२.६ विद्यालय पहुंच भन्दा बाहिर रहेको बालबालिकाहरुलाई विद्यालयसम्म पुर्याउन अभिभावक सहितको जनचेतनामुलक तथा प्रोत्साहित कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.७ विद्यार्थीको संख्याको आधारमा विद्यालय शिक्षक दरबन्दी मिलान तथा थप दरबन्दीको व्यवस्थापन गरिनेछ ।

१२.८ गाउपालिकाबाट सृजना गरेका शिक्षक,कर्मचारी,बाल शिक्षिका र कार्यालय सहयोगीहरुलाई उत्प्रेरित गर्न प्रोत्साहित गरिनेछ ।

१२.९ गाउपालिका अन्तर्गतका सबै विद्यालयहरुमा अनिवार्य विद्युतीय हाजिरीको व्यवस्थापन गरी शैक्षिक गुणस्तरियतालाई जोड दिईनेछ ।

१२.१० सामुदायिक सिकाई केन्द्रहरुलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१२.११ गाउपालिका अन्तर्गत उच्च शिक्षा अध्ययनका लागि कोटेदेवल जनआदर्श क्याम्पसलाई निरन्तर शैक्षिक अनुदानको व्यवस्था गरिनेछ ।

१२.१२ विद्यालयहरुलाई प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमलाई प्रदेश सरकारको समन्वयमा सञ्चालनमा ल्याईनेछ ।

१३) यस गाउपालिका अन्तरगत हुने अन्तरजातिय विवाहलाई प्रोत्साहन,कुरितिजन्य सोचको रुपान्तरण र अन्तरदलित विभेद समेत हटाउदै आत्मनिर्भर हुन उद्यमशिलता,रोजगारी र आयआर्जनका अवसरहरुको सिर्जना गरी एउटा आदर्श र समतामुलक समाजको निर्माण गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३.१ कुरितीजन्य परम्परागत सोचको रुपान्तरण गर्न चेतनामुलक तथा सन्देशमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३.२ गरिबसंग विश्वेश्वर कार्यक्रमलाई गाउपालिकाका सबै वडाहरुमा क्षेत्र विस्तार गरिनेछ ।

१४) डुङ्गेश्वर गाउपालिकाबासीलाई **स्वस्थ्य जीवन ,सुखी जीवनको** नारालाई आत्मसाथ गर्न सर्वसुलभ र गुणस्तरिय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत,कानुनी र संरचनागत सुधारहरु गरिनेछ ।

१४.१ साविकको स्वास्थ्य चौकिहरु तथा सामुदायिक स्वास्थ्य ईकाईहरुमा स्वास्थ्य प्रयोगशाला सेवा, दक्ष जनशक्ति व्यवस्थापन एवं नियमित औषधी आपूति सहित स्तरोन्नति गरिदै लगिनेछ ।

१४.२ सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ सेन्टरको व्यवस्थापन तथा साधनश्रोत सम्पन्न गरिनेछ ।

१४.३ सुनौलो हजार दिनका आमाहरुको लागि गाउपालिका तथा वडा स्तरिय कार्यक्रमहरु संचालन गरिनेछ ।

१४.४ संघीय सरकारको स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

१४.५ स्वास्थ्य स्वयं सेविका महिलाहरुको कार्यसम्पादनको आधारमा प्रोत्साहित गरिनेछ ।

१४.६ गाउपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा अनिवार्य विद्युतीय हाजिरीको व्यवस्थापन गरिनेछ ।

१४.७ एम्बुलेन्स सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाईनेछ ।

१४.८ गाउपालिका अन्तर्गतका श्रमिक महिलाहरुलाई गर्भावस्थामा रहेको अवस्थादेखि बच्चा जन्मेको २ महिनासम्म प्रोत्साहन भत्ता उपलब्ध गराउनका लागि पहिचान गरी तथ्यांक संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४.९ सबै वडाहरुका स्वास्थ्य केन्द्र तथा सामुदायिक माध्यमिक विद्यालयहरुमा Broadband Internet विस्तार गरिनेछ ।

१४.१० **एक गाउँपालिका एक सामुदायिक अस्पतालको** अवधारणा बमोजिम पूर्वाधार निर्माण गरिनेछ ।

१४.११ गाउँपालिका अर्न्तगत आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाईहरु स्थापना गरिनेछ ।

१५) रोजगारीका लागि गाउपालिका मै रोजगार सेवा केन्द्र स्थापना गरिनेछ र स्वरोजगारका लागि उद्यमशिलतता तथा सिप विकास तालिमका साथै वित्तिय पहुच स्थापित गरी स्थानीय सरकार, निजी क्षेत्र र सहकारी साझेदारी लगानीमा उत्पादनमुलक परियोजनाहरु संचालन गरी गाउपालिका मै रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

१५.१ सबै वडा कार्यालयसंगको समन्वयमा श्रम सहकारी तथा श्रमकार्यदलहरुलाई गाउपालिका अन्तर्गतको सबै सार्वजनिक विकास निर्माण तथा अन्य कार्यक्रम र उत्पादनका जीवन्त आयोजनाहरुमा परियोजना सञ्चालन गरी रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

१५.२ सिपमुलक तथा रोजगारमुलक तालिम सञ्चालन गरी महिला उद्यमशिलता र दक्ष जनशक्तिको विकास गरिनेछ ।

१५.३ बेरोजगारी समस्या समाधानका लागि व्यवस्थित रुपमा **गाउपालिका रोजगारी रोष्टर** निर्माण गरिनेछ ।

१५.४ गाउपालिका अन्तर्गतका सहकारीहरुको भूमिकालाई प्रभावकारी बनाउन प्रबर्द्धनात्मक तथा संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरी सुचिकृत गरिनेछ ।

१५.५ सहकारी क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारीलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गरिनेछ ।

१५.६ लघुउद्यम कार्यक्रमको माध्यमबाट लघुउद्यमीहरुलाई क्षमता विकास तथा बजार व्यवस्थापन गरिनेछ ।

१६) **"स्वास्थ्य र मनोरञ्जनका लागि खेल"** भन्ने अवधारणा अनुरुप डुङ्गेश्वर गाउपालिकामा खेलक्षेत्रको विकास र प्रवर्द्धन गरी सबै नागरिकलाई खेलकुद प्रति आकर्षित गरिनेछ । खेलकुदलाई जीवन पद्धतिको अभिन्न क्रियाकलाप बनाइनेछ ।

**१६.१** खेल क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि गाउपालिका स्तरिय खेलकुद विकास समितिलाई व्यवस्थित गरिनेछ ।

१६.२ गाउपालिकाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरुमा प्रतिनिधित्व गरी उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुको मनोबल बढाउनका लागि सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१७) गाउपालिका अन्तर्गत रहेका प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न मुख्य पर्यटकीय स्थलहरु पहिचान गरी प्राकृतिक, सांस्कृतिक, धार्मिक, कृषि तथा वन पर्यटन, होमस्टे र सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, भाषा, लोपउन्मुख स्थानीय पर्वहरु,धर्म संस्कृतिको खोज,संरक्षण र सम्वर्द्धन गरिनेछ ।

१७.१ गाउपालिकाका महत्वपूर्ण पर्यटकीय तथा धार्मिक स्थानहरु कुइयाताल,कोटाफेरा,मालिका मन्दिर, ढुंगेलबाबा देवता, बण्डाली मन्दिर,मस्टो देवता मन्दिर, देउती मन्दिर, सिद्धबाबा मन्दिर , शिव मन्दिर, शिखरढारी मन्दिर,नारायण थान,भैरव थान र भ्युटावर आदिको पर्यटकिय विकासका लागि पहल गरिनेछ ।

१७.२ गाउपालिका स्तरिय पर्यटन क्षेत्रको दिगो विकासका लागि पर्यटन गुरुयोजना निर्माण गरी चरणबद्ध रुपमा पर्यटकिय विकास गरिनेछ ।

१७.३ पर्यटकहरुलाई थपआकर्षण गर्न प्रवर्द्धनात्मक र प्रचारात्मक कार्यलाई निरन्तरता दिईनेछ ।

१७.४ कुइयाताल प्रबर्द्धन एवं संरक्षण कार्यक्रम,कोटाफेरा भ्यू टावरको सम्भाव्यता अध्ययन गरी निर्माण प्रारम्भ गरिनेछ ।

१७.५ स्थानीय युवालाई पर्यटक सहयोगी तालीम प्रदान गर्ने तथा गाउपालिका अन्तर्गत पर्यटकीय सूचना केन्द्र स्थापना गरिनेछ ।

१७.६ गाउँपालिका अन्तर्गतको पर्यटकीय, सास्कृतिक, धार्मिक क्षेत्रको प्रचारप्रसारका लागी **डुङ्गेश्वर महोत्सव** सन्चालन गरिनेछ ।

१८) गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा

आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधीकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिइनेछ ।

१८.१ कृषियोग्य भूमिको समुचित उपयोग, बिस्तार र चक्लाबन्दी गरी सामुदायिक खेती तथा तुलनात्मक लाभ र स्थान विशेषका उच्च मूल्यका कृषि उपज उत्पादन, भण्डारण तथा बजारीकरणमा सरकारी-निजी-सहकारी साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८.२ सहकारी र स्थानीय समुदायको सहभागितामा रैथाने प्रजातिका कृषि बालीवस्तुहरुको उचित संरक्षण र सम्वर्द्धन गरिनेछ । सबै कृषियोग्य भूमिको माटो परीक्षण, बिउ,सिँचाइ र प्राङ्गारिक मलको उचित संयोजन गरी उत्पादन बृद्धिमा जोड दिइनेछ ।

१८.३ बिउ बैंकको स्थापना गरी बिउ सङ्कलन र संरक्षण गर्दै कृषकहरुलाई रैथाने बिउ उपलब्ध गराई उत्पादन बृद्धिमा प्रोत्साहित गरिनेछ ।

१८.४ स्थानीयस्तरमा उपलब्ध हुने अनाज तथा खाद्यवस्तुको संरक्षण र प्रवर्द्धन गरी सहकारी र स्थानीय समुदायको सहभागितामा “पोषण कार्यक्रम” सञ्चालन गरिनेछ ।

१८.५ जैविक विषादी, किटनाशक र झारनाशक विषादीको उत्पादन, बजारीकरण तथा प्रयोग प्रोत्साहन गरिनेछ र मानव स्वास्थ्यमा हानी पुऱ्याउने रसायन तथा विषादीहरुको आयात, उत्पादन तथा बिक्री वितरणमा क्रमशः रोक लगाइनेछ ।

१८.६ धान, मकै, गहुँ, जौं, उवा, कोदो जस्ता अन्नबाली, बोडी, केराउ, मास, मसुरो, गहत, चना, भट्मास आदि कोशेबाली , आलु, काउली, बन्दा, पिँडालु, फर्सी, काँक्रो, गाजर, लौका, करेला, गोलभेंडा जस्ता तरकारी बाली र अदुवा, लसुन, प्याज,बेसार, अलैंची, धनियाँ, खुर्सानी, तेजपात,टिमुर आदि मसलाबालीको पकेट क्षेत्र अनुसार उत्पादन, प्रोत्साहन र बजारीकरण गरिनेछ ।

१८.७ गाउँपालिका अन्तर्गत फलफुल उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी गाउपालिकालाई फलफूलमा आत्मनिर्भर बनाइनेछ ।

१८.८ बाखा, गाई, भैंसी, सुँगुर, बँगुर पशुपालन र कुखुरा, हाँस, टर्की आदि पंछीपालन, मौरीपालन र माछापालनलाई व्यावसायिक रुपमा पकेट क्षेत्र निर्धारण गरी उत्पादन र बजारीकरण गरिनेछ । निजी र समुह उत्पादनलाई बढी प्राथमिकता दिईनेछ ।

१८.१० व्यावसायिक कृषकहरुलाई आवश्यक पर्ने सुन्तला ,अलैची ,कागती र केरा बेर्नाको लागि नर्सरी स्थापनाका लागि अनुदान प्रदान गरी बजारीकरणको व्यवस्थापन समेत गरिनेछ ।

१८.११ उत्कृष्ट कृषकहरुलाई व्यवसायिक प्रोत्साहन गर्न पुरस्कृत गरिनेछ ।

१८.१२ कृषि तथा पशु विकास कार्यक्रम सञ्चालनका लागि विकास साझेदारी संस्थाहरुसंग भौतिक पूर्वाधार निर्माण (भवन,खानेपानी र पशु खोर) मा सहलगानी गरिनेछ ।

१८.१३ **बारीका पाटा र खेतका गरा, हुन्छन सबै हराभरा** भन्ने नाराले कृषि क्षेत्रमा अभियानकै रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.१४ व्यवसायिक पशुपालक कृषकहरुलाई ए.आई. सेवा सन्चालन गर्न र डेरी उद्योगलाई सुधार गरि दुधमा आत्मनिर्भर गरिनेछ ।

१९) जनसहभागितामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्दति अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वनक्षेत्रको उत्पादकत्व वृद्धि गरिनेछ ।

१९.१ सामुदायिक,कबुलियत वन मार्फत वातावरण मैत्री हरित अर्थतन्त्र विकास गर्न उच्चमूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवाहरु वृक्षारोपण अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

१९.२ निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडिबुटी, काठ तथा लघु घरेलु उद्यमहरुको प्रवर्द्धन, विविधिकरण र बजारीकरण गरिनेछ ।

१९.३ निजी वन, सामुदायिक वन र कबुलयिती वनको पहिचानको आधारमा नर्सरी तथा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । साथै यी वन उपभोक्ता समितिहरुलाई प्रबर्द्धनात्मक एवं संरक्षणात्मक कार्यक्रम संचालन गरी जवाफदेहिता बनाईनेछ ।

१९.४ स्वच्छ वातावरण जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाई गर्दै सार्वजनिक स्थल, नदी किनार, सडक छेउ, खोल्सा-खोल्सीमा बाँस, अमरिसो, फलफुल लगायतका आयमुलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोग गरिनेछ ।

१९.५ विकास योजनाहरुको सञ्चालनमा वातावरण संरक्षणलाई प्राथमिकता दिइनेछ । सडक निर्माण गर्दा भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई उचित ध्यान दिइनेछ ।

१९.६ वन वातावरण संरक्षणका कार्यक्रमहरु सम्बन्धित साझेदार निकायहरुसंग सहकार्यमा गरिनेछ ।

१९.७ सामुदायिक वन उपभोक्ता समिति मार्फत चेतनामुलक,आयमुलक एवं सिपमुलक कार्यक्रमहरु संचालन गरि वन उपभोक्ता समितिहरुलाई सुचिकृत गरिनेछ ।

१९.८ लैंगिक तथा वातावरणीय अनुकुलन रणनीतिक योजना (Gender & Climate Stragetic Plan) निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।

२०) दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनुका साथै उपभोग्य वस्तुको गुणस्तर तथा मापदण्ड तयार गरी नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई व्यवस्थित गरिनेछ ।

२०.१ बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ । व्यवसाय दर्ता नभएका, उत्पादन मिति तथा Expired date उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु तथा औषधी बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ ।

२१) गाउपालिका अन्तर्गत सरोकारवालासँगको समन्वयमा छरितो कर प्रशासनिक संरचना मार्फत कर तथा गैर कर असुली तथा सङ्कलन कार्य प्रभावकारी बनाइनेछ । संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, अन्तर्राष्ट्रिय विकास सहायता र गाउपालिकाको आन्तरिक स्रोतलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

२१.१ स्थानीय सरकारको एकल कर अधिकार अन्तर्गत रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, सेवा शुल्क, दण्ड जरिवाना जस्ता कर तथा गैर करहरुको दायरा विस्तार गर्न नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ ।

२१.२ सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमा मात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ।

२१.३ बढी भन्दा बढी कर संकलन तथा आन्तरिक श्रोत बढाउनका लागि एकिकृत कर संकलन शिविर संचालन गरिनेछ ।

२१.४ आगामी आ.व.देखि एकिकृत सम्पति कर प्रणाली अनिवार्य लागू गर्ने नीति लिईनेछ ।

२१.५ गाउपालिका अन्तर्गतको बैंकिङ सेवालाई भरपर्दो बैंकिङ्ग तथा वित्तीय सेवा उपलब्ध गराउन पहल गरिनेछ । साथै रु.२५०००।०० सम्मको व्यक्तिको नामको चेक सोझै भुक्तानी हुने व्यवस्था मिलाईनेछ ।

२२) वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ ।

२२.१ गाउपालिका र वडापालिकासँग तालमेल हुने गरी सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदनको एकीकृत प्रणाली विकास गरी लागू गरिनेछ ।

२२.२ सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदन हुने प्रभावकारी अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ ।

२२.३ जवाफदेहिता र उत्तरदायित्व बहन गरी पारदर्शितामा जोड दिनका लागि बर्षमा न्युनतम दुई पटक सार्वजनिक सुनुवाई र समिक्षा गरिनेछ ।

२२.४ संघीय कानून र प्रदेश कानुनसँग तालमेल हुने गरी सार्वजनिक खरीद प्रकृयालाई सरल, समय सापेक्ष र परिणाममुखी बनाउन खरीद सम्बन्धी आवश्यक कार्यविधि र पर्द्दतिको तर्जुमा गरिनेछ ।

२२.५ सम्बन्धित बिषयगत समितिहरुलाई क्रियाशिल गराउनका लागि बिषयगत कार्यक्रमहरुको अनुगमन तथा सहजीकरणका लागि सम्बम्धित बिषयगत संयोजकलाई जवाफदेहि बनाईनेछ ।

२२.६ गाउँपालिका अध्यक्ष कोषको स्थापना गरी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

२२.७ विभिन्न अतिआवश्यक कार्यका लागी गाउँपालिका अन्तर्गत जनप्रतिनिधि कोष स्थापना गरी कार्यान्यवन गरिनेछ ।

२३) गाउपालिका अन्तर्गत सञ्चालित सरकारी तथा गैर सरकारी कार्यक्रम तथा योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याङ्कन गरिनेछ ।

२३.१ गाउपालिका भित्र सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि गाउपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुमगन तथा सुपरवेक्षण समितिलाई अधिकार सम्पन्न एवं व्यवस्थित गर्न कार्यविधि तयार गरी प्रभावकारी बनाईनेछ ।

२३.२ योजना अनुगमन तथा सुपरवेक्षण समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ ।

२३.३ आवश्यकता अनुसार कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी अनुगमन तथा सुपरीवेक्षणका लागि तेस्रो पक्षबाट अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था समेत गराईनेछ ।

२३.४ प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गरी अनुगमन सकिएको सात दिनभित्र आवश्यक पृष्ठपोषण र सहजीकरण को आधारमा सार्वजनिकीकरण गरिनेछ ।

२४) कानूनको शासन प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२४.१ गाउपालिका अन्तर्गतको न्यायिक समितिलाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रशिक्षण तथा तालिमको व्यवस्था गरिनेछ ।

२४.२ मानवअधिकारको संरक्षण र प्रवर्द्धन, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधारका लागि कानूनी तथा संरचनागत व्यवस्था गरिनेछ ।

२४.३ समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरु सबैले आ-आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक बहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण जस्ता नवीन शासकीय प्रणाली सञ्चालन गरी गाउपालिकामा सुशासन प्रत्याभूत गरिनेछ ।

२४.४ मुख्य मुख्य बजार क्षेत्र तथा घना बस्तीका चोक र मुल सडकहरुमा सीसी टीभी जस्ता उपकरण प्रयोग गरी प्रभावकारी रुपमा अपराध नियन्त्रण गरिनेछ ।

२४.५ कुलतमा लागेका व्यक्तिहरुलाई सुधार गर्न अभिमुखीकरण,जीवन उपयोगी तालीम तथा मनोपरामर्श सेवा लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२४.६ समाजलाई पथ विचलित, प्रदुषित र संक्रमित तुल्याउने महिला हिंसा, बोक्सी प्रथा, छुवाछुत, बालविवाह, अनमेल विवाह, मानव बेचबिखन, छुई प्रथा, मदिरा एवं सूर्तिजन्य पदार्थ सेवन, जुवा तास र लागु औषध सेवन जस्ता विकार र विकृतिलाई अन्त्य गर्न यस्ता गतिविधिमा कडा निगरानी राखी समाजलाई सभ्य र सुसंस्कृत तुल्याउन उपयुक्त कानूनी र संरचनागत व्यवस्थाका साथै सामाजिक अभियान सञ्चालन गरिनेछ ।

२४.७ डुङ्गेश्वर गाउपालिकाको पहिचान सहितको लोगो निर्माण गरी निर्वाचित जनप्रतिनिधीहरुलाई गाउपालिकाको मर्यादा बोध गराउनेछ ।

२५) विपद्को पूर्वतयारी, खोज तथा उद्धार, पुनर्स्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

२५.१ विपद् सचेतना, खोज तथा उद्धार एवं पुनर्स्थापनामा एकजुट हुने नेपाली परम्परालाई प्रोत्साहन,क्षमता अभिवृद्धि, कानूनी संरक्षण र वस्तुगत सहयोग एवं साहसिक तथा उदाहरणीय कार्यलाई पुरस्कृत गर्ने प्रवन्ध गरिनेछ ।

२५.२ सबै राष्ट्र सेवक कर्मचारी र स्थानीय समुदायलाई विपद् प्रतिकार्य, खोज तथा उद्धार, सम्बन्धी प्रशिक्षण तथा उद्दार उपकरण उपलब्ध गराइनेछ ।

२६) जेष्ठनागरिक,भिन्न क्षमता भएका व्यक्ति, अशक्त एवं एकल महिलाहरुका लागि आत्मसम्मान बोध हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२६.१ आ.व.०७६/७७ देखि अपांगता व्यक्तिहरुलाई परिचय पत्र वितरण गरी गाउपालिका स्तरिय संचालित अपांगता सम्बन्धी कार्यक्रममा सहभागिता गराईनेछ ।

२६.२ शहिद परिवार तथा द्वन्द्ध पिडितका लागि राहत तथा पुनर्स्थापना कार्यक्रमहरु संचालन गरि शहिद स्मृति कोषको स्थापना गरिनेछ ।

२७) उपरोक्त नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट डुङ्गेश्वर गाउपालिकाको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने कुरामा विश्वास लिएको छु । समाजलाई न्याय, समानता र स्वतन्त्रतातर्फ डोऱ्याउन यो नीति तथा कार्यक्रमले सहयोग गर्नेछ । यसको सफल कार्यान्वयनमा सरोकारवाला सबैको अर्थपूर्ण योगदानको अपेक्षा गरेको छु ।

२८) अन्तमा  प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने संघीय प्रतिनिधी सभाका संसदज्यू र प्रदेश सभाका माननीय सदस्यज्यूहरु, गाउपालिका उपाध्यक्षज्यू, सम्पुर्ण वडाध्यक्षज्यूहरु, गाउ कार्यपालिका सदस्यज्यूहरु,गाउसभा सदस्य ज्यूहरु,बिषयगत संयोजक ज्यूहरु,स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज,सञ्चारकर्मी,कर्मचारी मित्रहरु तथा सम्पूर्ण डुङ्गेश्वरबासीहरुप्रति हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद**